खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय, करदाता सेवा कार्यालय र उद्योग वाणिज्य सङ्घ धनकुटाले संयुक्त रूपमा बजार अनुगमन गरेको हो।

अनुगमनका क्रममा उपभोग्य मिति सकिएका खाद्यवस्तु नष्ट गरिएको छ भने मूल्यसूची अनिवार्य टाँस गर्न निर्देशन दिइएको जिल्ला प्रशासन कार्यालय धनकुटाका प्रशासकीय अधिकृत अङ्कित मग्रान्तीले बताउनुभयो।

स्थानीय प्रशासनले म्याद गुज्रेका, सडेगलेका, अखाद्य वस्तु बिक्री गर्दै आएका तथा बिना इजाजत व्यवसाय सञ्चालन गरिरहेका माथि कडाइ सुरु गरेकोसमेत जनाएको छ। मिनी मार्केट, किराना पसल र डिलरको अनुगमन गरिएको जिल्ला प्रशासन कार्यालय धनकुटाले जनाएको छ। धनकुटाका नगर र गाउँपालिकाका विभिन्न स्थानका बजार छड्के अनुगमनलाई तीव्र पारिएको प्रशासनले जनाएको छ।

## अवैध काठ बरामद

**बिर्तामोड** (गोरखापत्र), साउन २५ गते। अस्थायी प्रहरी चौकी माईधार र रतुवामाई वृक्षरोपण आयोजनाको गस्ती टोलीले अवैध रूपमा लुकाइ राखिएको अवस्थामा ५८ क्युफिट टिक जातको काठ बरामद गरेको छ।

शिवसताक्षी नगरपालिका-१० बस्ने बीरु मगरको घरमा लुकाइ राखिएको अवस्थामा १० थान टिक जातको गोलिया ५८.०७ क्युफिट काठ बरामद गरी आवश्यक कारबाहीका लागि रतुवामाई वृक्षरोपणको कार्यालय केर्खामा पठाइएको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी प्रवक्ता वसन्तकुमार थापाले बताउनुभयो।

छ। जिल्ला अस्पताल खोटाङमा अक्सिजन प्लान्टको स्थापना भएसँगै उक्त समस्याको अन्त्य भएको हो। प्लान्ट सञ्चालनका लागि अहिले विद्युत्को समस्या रहेको बायो मेडिकल टेक्निसियन उषादेवी श्रेष्ठले बताउनुभयो। उहाँले भन्नुभयो, "चार सय भोल्टेजभन्दा माथिको विद्युत् आवश्यक पर्छ तर सधैँ आवश्यकताअनुसारको भोल्टेज आउँदैन। अहिले जेनेरेटर जडानसमेत गरिएकाले अक्सिजन उत्पादनमा समस्या छैन।" प्लान्टले एक दिनमा २० देखि २५ सिलिन्डर अक्सिजन उत्पादन गर्ने गरेको उहाँको भनाइ छ।

प्लान्ट निर्माण भएसँगै जिल्लामा अब खेप्नुपर्‍यो। प्लान्ट निर्माण भएसँगै जिल्लामा आवश्यक अक्सिजन अब यहीँ उत्पादन हुन्छ। सिलिन्डर बोकेर अक्सिजन खोज्दै हिँड्नुपर्ने बाध्यता सधैँका लागि अन्त्य भएको छ," प्रमुख डाक्टर लामाले भन्नुभयो।

प्रदेश १ सरकारबाट प्राप्त ९९ लाख रुपियाँ (भ्याटसहित)बाट सदरमुकाम दिक्तेलस्थित जिल्ला अस्पतालमा अक्सिजन प्लान्ट निर्माण गरिएको छ। प्लान्ट मेसिन जडान सम्पन्न भएपश्चात् सोमबार जिल्ला अस्पताल खोटाङका व्यवस्थापन समिति अध्यक्ष एवं समन्वय प्रमुख सनबहादुर राईले उद्घाटन गर्नुभएको हो।

# किर्ते 'क्यूआर कोड' निकाल्ने प्रयास

**सोलुखुम्बु समाचारदाता**
*सोलुखुम्बु, साउन २५ गते*

सोलुखुम्बुको सोताङ गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृत र स्वास्थ्य शाखा प्रमुखको किर्ते हस्ताक्षर गरी कोभिड-१९ को 'क्यूआर कोड' जारी गर्ने प्रयास गरेको पाइएको छ।

साउन २३ गते स्वास्थ्य शाखा प्रमुख श्रीध्वज राई र प्रमुख प्रशासकीय अधिकृतको किर्ते हस्ताक्षर गरी विभागमा पत्राचार गरेको पाइएको छ। गाउँपालिकाको नामको नक्कली आईडी तयार पारेर स्वास्थ्य मन्त्रालय र स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली स्वास्थ्य सेवा विभागलाई पत्राचार गरेको र अनुमति प्राप्त गरेको पाइएको हो।

गाउँपालिकाको तर्फबाट पनि क्यूआर कोड जारी भइरहेको समयमा अन्य व्यक्तिले पनि गैरकानुनी रूपमा क्यूआर कोड जारी गर्ने प्रयास भएकाले रोक्न र कारबाही गर्नका लागि इलाका प्रहरी कार्यालय सोताङमा उजुरी दिइएको गाउँपालिकाले जनाएको छ।

विशेष योजना ल्याउने भए
उपरीक्षक ज्ञानेन्द्रप्रसाद फुय
कारण समाज अन्धकारतप
विशेष योजनामा लागेको ब
र ओसारपसारका हिसाबले
भयावह अवस्था रहेको उहाँ

हालै सरुवा भइ आएक
उदयपुर आफैँमा गाँजा उत्
उत्पादन रोकको कार्ययोज
सङ्ख्या ठूलो रहेकोले माग त
दिने र पुनर्स्थापनामा समेत ध

उदयपुरमा गाँजा
लागूऔषध निर्यातसम्मको अ
काममा व्यापकता दिनुपर्ने प्र

२६ श्रावण २०७९, गोरखापत्र


**Government of Nepal**
**Ministry of Industry, Commerce and Supplies**
## Nepal Intermodal Transport Development Board
### Invitation for E-Bids
**(First Date of Publication : 2079/04/26)**

1. Nepal Intermodal Transport Development Board (NITDB) invites electronic bids from eligible bidders for the following works:

| S. N. | Name of the Project | Estimated Amount (NRs.) | Cost of bidding Document (NRs.) | Bid Security (NRs.) | Last Date of Submission of Bid | Bid Opening Date |
|---|---|---|---|---|---|---|
| i. | Upgrading of Road from Railway Station to ICP Main Gate In Biratnagar ICP (NITDB/NCB/C-42 (2079/080)) | 59,94,631.25 (With VAT and Provisional Sum) | 3,000.00 | 1,50,000.00 | 2079/05/26 B.S. Time 12:00 Hrs | 2079/05/26 B.S. Time 13:00 Hrs |
| ii. | Construction of Guard House in Bhairahawa ICD (NITDB/NCB/C-43 (2079/080)) | 40,61,512.83 (With VAT and Provisional Sum) | 3,000.00 | 1,05,000.00 | 2079/05/26 B.S. Time 12:00 Hrs | 2079/05/26 B.S. Time 13:00 Hrs |

2. Information to deposit the cost of bidding document in Bank :
   **Name of the Bank** : Agricultural Development Bank Ltd., Maitidevi, Kathmandu.
   **Name of the Office** : Nepal Intermodal Transport Development Board.
   **Account no.** : 0211300144668014
3. For more information please visit PPMO e-GP system **www.bolpatra.gov.np/egp** or contact NITDB office, Chobhar, Kirtipur-6, Kathmandu Nepal, Phone no: - 01-4332896, website: www.nitdb.gov.np.



प्राविधिक शि
शिक्षा सञ्चालि
School-TE
(T
आशय
१. यस परियोज
कार्यक्रम स
सम्बन्धन प्रा
(Technica
२. आशयपत्र
पेश गर्नु प
पेश गर्नु पर्न
३. आशयपत्रको
www.ever
४. आशय पत्र
५. इच्छुक प्रावि
४७९६३११,